" कृषि, पर्यटन र पुर्वाधार, सम्बृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

मिक्लाजुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश (नेपाल)

आ. व. : २०८१/०८२

**विषयः सिलबन्दी बढाबढ दरभाउपत्र आव्हानको सूचना ।**

**दोश्रो पटक सूचना प्रकाशित मिति : २०८१/०४/२८**

उपरोक्त सम्बन्धमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँ परिषद्को निर्णय बमोजिम मिक्लाजुङ गाउँपालिकाको कार्यालय, रवि पाँचथरले आ.व. २०८१/०८२ को लागि आन्तरिक आय *हाट बजार कर शुल्क (मिक्लाजुङ गाउँपालिकाको ८ वटै वडाको बजार क्षेत्रहरु लगायत (नियमित रुट बाहेक) भाडाका सवारी साधनहरुलाई समेत कर असुली* र *जडिबुटी, कवाडी, जिवजन्तु र स्थानीय उत्पादन निकासी कर* ठेक्का निम्नानुसार बन्दोबस्त गर्नुपर्ने भएकोले प्रचलित नेपालको कानुन बमोजिम इच्छुक योग्य फर्म वा कम्पनी संस्थाहरुबाट दरभाउपत्र फारम खरिद गरी तपसिलमा उल्लेखित शर्तहरुका अधिनमा रही **कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा** खुलाई दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरुः-

१. प्रचलित नेपालको कानुन बमोजिम दर्ता भई प्रमाण-पत्र लिएका फर्म वा कम्पनी संस्थाहरुले कार्यालयमा रु १,०००/- (अक्षेरेपी एक हजार रुपैया मात्र) बुझाई दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्दा निम्नानुसारको कागजात अनिवार्य पेश गर्नुपर्नेछ

- *आ.व. २०८०/०८१ मा नविकरण भएको व्यवसाय दर्ता प्रमाण-पत्र,*
- *स्थानी दर्ता लेखा प्रमाण-पत्र (PAN)*
- *आ.व. २०७९/०८० को आयकर चुक्ता प्रमाण-पत्र,*
- *नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि*
- *कबोल अंक मू.अ.कर सहित अंक र अक्षर दुवै हुनुपर्ने (सही छाप अनिवार्य)*
- *धरौटी रकमको सक्कल ~~प्रति~~* भौचर

उल्लिखित कागजात पेश नभएको खण्डमा सो सिलबन्दी दरभाउपत्र मूल्याङ्कनमा भाग लिन पाउने छैन।

३. यसरी दर्ता हुन आएका बढाबढ सिलबन्दी दरभाउपत्रहरु **२०८१/०५/११ गते दिउँसो १२:०० बजे** कार्यालय समय भित्र दाखिला गरिसक्नुपर्नेछ । यसरी दर्ता भएको सिलबन्दी दरभाउपत्रदाता प्रतिनिधिहरुको रोहबरमा २०८१/०५/११ दिनको १३:०० भित्र खोलिने छ। तर सिलबन्दी दरभाउपत्रदाता प्रतिनिधिहरुको अनुपस्थित नरहेमा उक्त सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. जुन फर्म वा कम्पनीको नाममा सिलबन्दी दरभाउपत्र खरिद गरिएको हो सोही फर्म वा कम्पनीको नामबाट मात्र सिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्नेछ। यस कार्यालयमा उल्लिखित अवधि भित्र दर्ता नभएका दरभाउपत्रलाई मान्यता दिइने छैन र सो को छायाप्रति पनि स्वीकार हुने छैन।

५. दरभाउपत्र फाराममा आफूले कबोल गरेको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ। अंक अक्षर फरक परेकमा अक्षरलाई मान्यता दिइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

६. सिलबन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताले नियमनुसार आफुले **कबोल गरेको अंकको मू.अ. कर सहित ३% (तीन प्रतिशत)** ले हुन आउने रकम गाउँपालिकाको कृषि विकास बैंक लिमिटेड रवि, स्थित धरौटी खाता नं. **०६२५१०१३९५९२५०६६** मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन मान्य अवधिसम्म जारी गरेको छुट्टाछुटै बैंक जमानत पेश गर्नुपर्ने छ ।

७. ठेक्का स्वीकृत भएपछी धरौटी बापत स्वीकृत ठेक्का अंक बरावरको नियमानुसारको नगदै रकम यस कार्यालयको कृषि विकास बैंक लिमिटेड रवि, स्थित हि.नं. **०६२५१०१३९५९२५०६६** धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १३(तेह्र) महिना अवधि म्याद भएको बैंक जमानतपत्र (बैंक ग्यारेटी) पेश गरी सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुनुपर्ने छ ।

८. कार्यालय समयभित्र रु १,०००।- मात्रको नगदी रसिद वा अन्तरिक राजश्व खाता **०६१२५१०१३९५९२५११२** मा जम्मा गरेको सक्कल बैक भौचर संलग्न राखी छुट्टाछुट्टै दरभाउपत्र खरिद गर्नु पर्नेछ ।

९. सिलबन्दी दरभाउपत्रबाट स्वीकृत ठेक्काको ठेक्का अवधि २०८२ असार मसान्त सम्म रहने छ ।

१०.ठेक्काको कबोल रकम दुई किस्तमा बुझाउनु पर्नेछ । सम्पूर्ण ठेक्का अंकको **५०%** रकम ठेक्का सम्झौताको बखत जम्मा गर्नुपर्नेछ । बाँकी **५०%** दोश्रो किस्ता रकम २०८१ फाल्गुण मसान्त भित्र बुझाउनु पर्नेछ । प्रथम किस्ता बुझाई सम्झौता गर्न आउँदा स्वीकृत बाँकी रकम बराबरको रकम २०८२ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत (performance bond) सम्झौता गर्दाको बखद नै पेश गर्नुपर्नेछ । तोकिएको किस्ता म्यादभित्र भएको बैंक जमानत performance bond तथा धितो जमानतबाट असुली गरिनेछ । कुनै पनि कारण देखाई कबोल अंकमा छुट माग गर्ने पाइने छैन ।

११.संघीय सरकार प्रदेश सरकार वा गाउँपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्नेछ । ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएकमा प्रचलित ऐन नियम तथा सम्झौताको परिधी भित्र रही गाउँ कार्यपालिकाको कार्यालय रवि, पाँचथरको निर्णय अन्तिम र मान्य हुनेछ सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१२.न्युनतम ठेक्का अंक भन्दा घटी कबोल गरी सिलबन्दी दरभाउपत्र पेश गर्नु पाइने छैन, साथै ठेकेदारबाट कुनै शर्त राखिएको वा रित नपुगेको सिलबन्दी दरभाउपत्र माथी कुनै कार्वाही गरिने छैन ।

१३.ठेक्का लिने ठेकेदारले दर रेट सहितको साइनबोर्ड सम्बन्धित संकलन केन्द्रहरुमा राख्नु पर्नेछ ।

१४.ठेक्का कबोल गर्ने ठेकेदारले गाउँपालिकाकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने नगदी रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयमा छपाईको लगत रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर संकलन गर्ने कार्यमा प्रयोग गर्नुपर्ने छ । साथै प्रयोग भएका रसिदहरुका विवरण कार्यालयले माग गरेमा एक एक प्रति उपलब्ध गराउन ठेकेदारको कर्तब्य हुनेछ ।

१५.राजमार्ग वा सहायक मार्गमा तगारो राखी कर असुल गर्न पाइने छैन ।

१६.ठेक्का समाप्त भई कर चुक्ता र कर समायोजन पत्र पेश गरे पछि धरौटी बापतको रकम नियमनुसार फिर्ता गरिनेछ ।

१७.यस गाउँपालिकामा बक्यौता तिर्न बाँकी रहेको व्यात्ति वा प्रचलित नेपाल सरकारको आर्थिक ऐन कानुन बमोजिम कार्यालयमा कारोबार गर्ने फर्म वा कम्पनीले पुरानो बाँकी चुक्ता नगर्दा सम्म बढाबढ सिलबन्दी दरभाउपत्रमा भाग लिन पाइने छैन ।

१८.एक स्थानीय तहमा उपयोग कर शुल्क बुझाइ सकेको प्रमाण पेश गरेमा पुन शुल्क लिन पाइने छैन ।

१९.ठेक्का संचालनको सिलसिलामा नियमनुसार नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण कर दस्तुर शुल्क आदि ठेकेदार स्वमंले बुझाउनु पर्नेछ । उक्त रकम ठेक्का अंकबाट हटाउन पाइने छैन । ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाइने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा असुल हुन बाँकी रकममा १०% ब्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेभन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेक्केदारबाटै सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।



मिक्लाजुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रवि, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

२०.यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

२१.सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) को नियम १२६ बमोजिम ठेक्का सम्झौताका बखद नै कबोल गरेको रकम कार्यालयमा एकमुष्ठ बुझाएमा सम्झौतामा उल्लेखित कबोल अंकको १० % (प्रतिशत) छुट दिइनेछ ।

२२.माथि उल्लेखित सिलबन्दी बढाबढ दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस गाउँपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

२३.करका दररेटहरु मिक्लाजुङ गाउँपालिकाकाको आर्थिक ऐन, २०८१ बमोजिम हुनेछ ।

२४.सिलबन्दी बढाबढ दरभाउपत्र सम्बन्धी शर्तहरु तथा दररेट सम्बन्धी बिस्तृत विवरण यस कार्यालयको बेवसाइट www.miklajungmunpanchthar.gov.np र कार्यालयको अधिकारिक फेसबुक पेज **"मिक्लाजुङ गाउँपालिका पाँचथर,** बाट पनि हेर्न सकिनेछ । सो सम्बन्धी अन्य कुरा बुझ्नु परेमा मिक्लाजुङ गाउँपालिककाको कार्यालय, पाँचथरको मोवाइल नं. ९८५२६६८९०० / ९८४८२८२५८२ मा सम्पर्क राख्न सकिने छ ।

२५.सबै भन्दा अधिकतम अंक कबोल गर्ने व्याक्ति, फर्म वा कम्पनीहरु सारभुतरुपमा उत्तम तथा प्रभावकारी मुल्याङ्कन भई सार्वजनिक खरिद नियमावली २०६४ को दफा ६७ बमोजिम स्वीकृतको लागि सिफारिस भएपछि नियमानुसार पौष मसान्त भित्रसम्म आ.व. २०८०/०८१ को सम्बन्धित फर्म वा कम्पनीले सम्पूर्ण कर चुक्ता सम्वन्धी प्रमाणपत्रहरु अनिवार्य पेश गर्नुपर्नेछ ।

ठेक्काको विवरण

| हाटबजार सम्बन्धी | | | | |
|---|---|---|---|---|
| आन्तरिक आय बन्दोवस्त ठेक्का नं. | ठेक्काको क्षेत्र | न्युनतम बार्षिक ठेक्का रकम आ.व. | दरभाउपत्र फारम दस्तुर | घरौटी रकम |
| MRM/SQ/Revenue/001/2081/082 | हाटबजार ८ वटै वडाका बजार क्षेत्रह कर लगायतका (नियमित) रुट बाहेक भाडाका सवारी साधानहरुलाई समेत पटके कर असुली । | रु ६,००,०००।- (छ लाख रुपैया मात्र) | रु १०००।- | मू.अ. कर सहित कबोल अंकको ३% प्रतिशत |
| निकासी सम्बन्धी | | | | |
| आन्तरिक आय बन्दोवस्त ठेक्का नं. | ठेक्काको क्षेत्र | न्युनतम बार्षिक ठेक्का रकम आ.व. | दरभाउपत्र फारम दस्तुर | घरौटी रकम |
| MRM/SQ/Revenue/002/2081/082 | निकासी कर मिक्लाजुङ गाउँपालिकाकका सबै नाकाहरु । | रु ७,००,०००।- (सात लाख रुपैया मात्र) | रु १०००।- | मू.अ. कर सहित कबोल अंकको ३% प्रतिशत मात्र |



प्रमुख प्रशासकीय अधिकृत